# ललितपुर महानगरपालिका

यल महानगरपालिका

# स्थानीय राजपत्र


**ललितपुर महानगरपालिकाद्वारा प्रकाशित**

**वर्ष ८, ललितपुर, वैशाख १८ गते, २०८१ साल, अतिरिक्ताङ्क ३**


## भाग - २

## ललितपुर महानगरपालिका

### लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८१

ललितपुर महानगरपालिका क्षेत्रमा घटेका लैङ्गिक हिंसाजन्य कार्यबाट प्रभावित व्यक्तिहरुलाई समयमा नै उद्धार, राहत र औषधी उपचार लगायतका कार्य गर्न, लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि तयार गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम महानगर लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि २०८१ रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित गरी राजपत्रमा प्रकाशित मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "महानगरपालिका" भन्नाले ललितपुर महानगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) "महानगरस्तरीय उद्धार तथा राहत समिति" भन्नाले दफा ११ बमोजिम महानगरपालिकामा गठन हुने महानगरस्तरीय उद्धार तथा राहत समिति सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(च) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

**३. कोषको स्थापना :**

(१) महानगरपालिकामा स्थानीय लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम

(ख) स्वदेशी तथा विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ /संस्था बाट प्राप्त रकम,

(ग) महानगरपालीकाले वार्षिक रुपमा कोषमा विनियोजन गरेको रकम ।

(घ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(३) उपदफा (१) बमोजिमको रकम राष्ट्र बैंकवाट मान्यता प्राप्त कुनै बैंकमा छुट्टै खाता खोली रकम जम्मा गर्न सकिनेछ ।

(४) उपदफा (१) वमोजिमको कोषको उपयोग, सञ्चालन तथा व्यवस्थापन यसै कार्यविधी बमोजिम हुनेछ ।

**४. कोषमा रकम जम्मा गर्ने :** महिला तथा बालबालिकाको हकहितको क्षेत्रमा महानगर क्षेत्र भित्र कार्यक्षेत्र राखी संचालित गैरसरकारी संस्थाले बार्षिक रुपमा गर्ने खर्चको महानगरपालीकाले तोकेको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्न सक्नेछ ।

**५. कोषको उपयोग :** (१) कोषको रकम पिडितको देहायको कार्यको लागि उपयोग गरिनेछ :

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानूनी सहायता, मनोबैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय वा स्वरोजगारको लागि व्यवसाय संचालन (स्वरोजगार कोष कार्यविधि बमोजिम)गर्न ।

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितको लागि समितिले तोके बमोजिमको अन्य कार्य गर्न ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवस्थापन समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर/ किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई विभिन्न किसिमका दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम दफा ५ मा लेखिए बाहेक अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

७. **व्यवस्थापन समितिको गठन :** (१) कोषको संचालन तथा व्यवस्थापन गर्ने कार्य समेतका लागि एक कोष व्यवस्थापन समिति रहनेछ ।

(२) कोष व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :

| | | |
|---|---|---|
| क) | ललितपुर महानगरपालिकाका उप-प्रमुख | : अध्यक्ष |
| ख) | सामाजिक विकास समितिका संयोजक | : सदस्य |
| ग) | प्रमुख प्रशासकिय अधिकृत | : सदस्य |
| घ) | समाज कल्याण महाशाखा प्रमुख | : सदस्य |
| ङ) | कानुन महाशाखा प्रमुख | : सदस्य |

च) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधिहरु २ जना : सदस्य

छ) महिला विकास शाखा प्रमुख : सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

**८. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) लैङ्गिक हिंसा निवारणको सम्बन्धमा महानगरपालिकाको स्वीकृत कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन स्थानीय लैङ्गिक हिंसा निवारण कोषमा रकम निकासा गर्ने,

(ग) स्थानीय लैङ्गिक हिंसा निवारण कोषको अनुगमन गर्ने वा गराउने,

(घ) महानगरपालिका भित्र घटेका लैङ्गिक हिंसा सम्बन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ङ) सीपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारको लागि व्यवसाय स्थापना गर्न अनुदान रकम प्रदान गर्ने सम्बन्धमा

सम्बन्धित वडाबाट स्वरोजगार कोषको रकमवाट खर्च गर्न गर्ने,

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(छ) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने,

(ज) पीडितको तत्काल उद्धार, राहत र पुनर्स्थापनाको लागि राहत, आर्थिक सहयोग तथा अन्य सामग्री उपलब्ध गराउने,

(झ) लैङ्गिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने वा गराउने । (संघ-संस्था, स्वयं स्वेच्छाले उक्त कोषमा रकम जम्मा गर्न चाहने व्यक्तीहरुलाई रकम जम्मा गर्न स्वीकृती दिने ।)

**९. व्यवस्थापन समितिको बैठक र निर्णय :** (१) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै व्यवस्थापन समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सामाजिक विकास समितिका संयोजकले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको बैठकमा आवश्यकता अनुसार कुनै कर्मचारी पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सो समितिको अध्यक्षवाट प्रमाणित हुनेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. स्थानीय लैङ्गिक हिंसा निवारण कोषवाट रकम उपलब्ध गराउनेः**

(१) पिडीतलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि आवश्यकता अनुसार समितिको

निर्णय बमोजिम कोषबाट अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

(२) कोषमा प्राप्त भएको रकम र उपदफा (१) बमोजिम खर्च भएको विवरण नगर कार्यपालिकामा मासिक रुपमा पेश गर्नु पर्नेछ ।

**११. तत्काल उद्धार तथा राहत समितिको व्यवस्था** : (१) हिंसामा परेका महिला, किशोरी तथा बालबालिकाको तत्काल उद्धार लगायतका कार्य गर्न महानगरस्तरमा देहाय बमोजिमको तत्काल उद्धार तथा राहत समिति रहनेछ ।

क) सामाजिक विकास समितिको संयोजक वा निजले तोकेको सदस्य - संयोजक

ख) समाज कल्याण महाशाखा प्रमुख - सदस्य

ग) नगर प्रहरी वल प्रमुख
सदस्य

घ) स्वास्थ्य शाखा प्रमुख - सदस्य

ङ) महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द को प्रतिनिधि - सदस्य

च) **लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैरसरकारीसंस्थाहरुको प्रतिनिधि एक जना** - सदस्य

छ) महिला विकास शाखा - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च) वमोजिमको सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(३) उपदफा (१) वमोजिमको समितिको सचिवालय बिषयसंग सम्बन्धित महाशाखा/शाखामा रहनेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) कुनै सञ्चार माध्यमबाट प्रकाशित, प्रसारित समाचार वा प्राप्त सूचनाका आधारमा त्यस्ता घटनाका सम्बन्धमा महानगरभित्र तत्काल उद्धारको काम भए, नभएको सम्बन्धमा जानकारी लिने,

(ख) तत्काल उद्धार गर्न आवश्यक सहजीकरण र समन्वय गर्ने,

(ग) स्थानीय तहमा हिंसामा परेका महिला, किशोरी तथा बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने र सोको प्रतिवेदन कार्यपालिकामा पेश गर्ने,

**१२. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :** (१) यस कार्यविधी बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध

गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराउन सकिनेछ :

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँचसय रुपैयाको दरले बढीमा पाँचहजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम खाना खर्च वापत प्रति दिन तीन सय रुपैया अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च वापत प्रतिदिन पाँच सय रुपैया र उपचार खर्च समेत गरी बढीमा छ हजार पाँच सय रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च रकम र पीडितसँग आश्रित बालबालिका भए बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउन सकिनेछ ।

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) महानगरपालिकाको स्थाई बासिन्दाको हकमा निजले कुनै व्यवसाय गर्न चाहेमा समितिले तोकेबमोजिम वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा तीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि वढीमा पाँच हजार रुपैयाँ,

**१३. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस कार्यविधी बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई स्थानीय तत्काल उद्धार तथा राहत समितिमा अनुसूची १ वमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा स्थानीय तत्काल उद्धार तथा राहत समितिले दफा १२ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**१४. तत्काल रकम उपलब्ध गराउन सक्ने :** (१) यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एसिड प्रयोग गरी वा छर्कीई वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भीर प्रकृतिका घटनाका पीडितलाई उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत लगायतको प्रयोजनको लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा र उद्धार तथा राहत समितिको बैठक तत्काल बस्ने अवस्था नरहेमा समितिको अध्यक्षले आवश्यकता र औचित्यका आधारमा बढीमा रु.१०,०००।- (दश हजार) रकम कोषबाट पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी उद्धार तथा राहत समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईए पछि बस्ने उद्धार तथा राहत समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१५. छुट्टै खाता खोल्नु पर्ने :** (१) स्थानीय लैङ्गिक हिंसा निवारणका लागि दफा ३ बमोजिम प्राप्त भएको रकम स्थानीय लैङ्गिक हिंसा कोषको नाममा राष्ट्र बैंकवाट मान्यता प्राप्त कुनै बैंकमा छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन महाशाखाले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१६. कोषको लेखा र लेखा परीक्षण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१७. प्रतिवेदन पेश गर्ने :** (१) स्थानीय तत्काल उद्धार तथा राहत समितिले सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन प्रत्येक वर्ष व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ ।

(२) व्यस्थापन समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(३) कार्यपालिकाले उपदफा (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

**१८. बैठक भत्ता :** व्यवस्थापन समितिका अध्यक्ष वा सदस्यले र स्थानीय तत्काल राहत तथा उद्धार समितिका अध्यक्ष र सदस्यले सो समितिको बैठकमा भाग लिए वापत कानुनले तोके बमोजिमको रकम

बैठक भत्ता वापत पाउने छन् । बैठकमा आवश्यकतानुसार आमन्त्रण गरिएका अन्य सरोकारवालाहरुलाई समेत सो भत्ता उपलब्ध हुनेछ ।

**१९.** कार्यपालिकाले समय सन्दर्भ र आवश्यकता अनुसार कार्यविधिमा संशोधन तथा थपघट गर्न सक्नेछ ।

## अनुसूची

## (दफा १३ सँग सम्बन्धित)

**श्री संयोजकज्यू,**

**स्थानीय तत्काल उद्धार तथा राहत समिति**

**ललितपुर महानगरपालिका ।**

**विषयः सहयोग उपलब्ध गराई पाउँ ।**

म.................................मा बस्ने वर्ष............को.................मिति.....................मा लैंगिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैंगिक हिंसा (.......................) भएको कारणले मेरो मानसिक/ शारीरिक/ सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार/ कानूनी सहायता एवं परामर्श/ उद्धार/ मनोविमर्श/ स्वरोजगार/ पुनर्स्थापना/ अन्य...................कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

**निवेदक**

नाम थर................

ठेगाना...................

दस्तखत.................

मिति........./..../...

प्रमाणीकरण मिति
२०८१/०१/१८

आज्ञाले
वीरेन्द्र देव भारती
प्रमुख प्रशासकीय अधिकृत